# प्रदेश खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

मधेश प्रदेश सभा

जनकपुरधाम

# प्रदेश खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रमाणीकरण मिति

......................

सम्वत् २०८१ सालको ऐन नम्बर...............

<u>प्रस्तावनाः</u> प्रदेशमा खेलकुद, खेल संस्कृतिको विकास, खेलकुद पूर्वाधार निर्माण, खेलाडीको व्यावसायिक सुरक्षा, स्थानीय स्तरदेखि खेल प्रतिभाको खोजी र पहिचान गरी प्रतिभावान् खेलाडी उत्पादन गर्ने तथा खेलकुदको विकास र विस्तार गर्ने प्रयोजनका लागि स्थानीय, जिल्ला, प्रदेश, अन्तरप्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको प्रतियोगिताहरु संचालन, व्यवस्थापन, सहभागिता तथा खेलकुद क्षेत्रको समग्र विकास गर्न वाञ्छनीय भएकोले,

मधेश प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "प्रदेश खेलकुद विकास ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले दफा ३ बमोजिम गठित मधेश खेलकुद परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(ख) "खेलकुद सम्बन्धी संघ संस्था" भन्नाले दफा २४ बमोजिमको परिषद्मा दर्ता भएको संघ संस्था सम्झनु पर्छ ।

(ग) "तोकिएको" र "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "परिषद्" भन्नाले दफा ३ बमोजिम गठन भएको मधेश खेलकुद परिषद् सम्झनु पर्छ।

(ङ) "प्रतिष्ठान" भन्नाले दफा ३८ बमोजिम स्थापना भएको मधेश खेलकुद प्रशिक्षण प्रतिष्ठान सम्झनु पर्छ ।

(च) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ज) "स्थानीय तह" भन्नाले मधेश प्रदेशका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनु पर्छ ।

(झ) “सदस्य” भन्नाले परिषद् र समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद् र समितिको अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ।

(ञ) “सदस्य-सचिव” भन्नाले परिषद् र समितिको सदस्य-सचिव सम्झनु पर्छ ।

(ट) "समिति" भन्नाले दफा १४ बमोजिम गठन भएको खेलकुद विकास समिति सम्झनु पर्छ ।

३. **<u>परिषद्को गठनः</u>** (१) प्रदेशमा खेलकुदको विकास तथा विभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन गर्नको लागि मधेश खेलकुद परिषद् गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने परिषद्मा देहायका सदस्य रहने छन् :-

(क) मन्त्री, प्रदेश सरकारको खेलकुद सम्बन्धी बिषय हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) सदस्य, प्रदेश नीति आयोग (खेलकुद विषय हेर्ने) -सदस्य

(ग) परिषद्को कार्यालय रहेको स्थानीय तहको प्रमुख -सदस्य

(घ) सचिव, प्रदेश सरकारको खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(ङ) सचिव, प्रदेश सरकारको गृह सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(च) सचिव, प्रदेश सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(छ) प्रमुख वा प्रतिनिधि, प्रदेश प्रहरी -सदस्य

(ज) राष्ट्रिय स्तरमा खेलकुदको क्षेत्रमा खेलाडी वा रेफ्री वा प्रशिक्षक वा व्यवस्थापक भई दश वर्ष काम गरेका व्यक्तिमध्ये कम्तीमा एक जना महिला

सहित मन्त्रालयद्वारा मनोनीत तीन जना -सदस्य

(झ) खेलकुदको क्षेत्रमा अध्ययन, अनुसन्धान, प्रवर्द्धनात्मक कार्य गरेका खेलकुद विज्ञ मध्येबाट मन्त्रालयद्वारा मनोनीत कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(ञ) प्रदेश स्तरमा रहेका खेलकुद सम्बन्धी संस्थाबाट मन्त्रालयले मनोनीत गरेका कम्तीमा एक जना महिला सहित तीन जना -सदस्य

(ट) अपाङ्गता भएका खेलाडीमध्येबाट मन्त्रालयद्वारा मनोनीत एकजना -सदस्य

(ठ) ओलम्पिक, एसिएन, साफ जस्ता मान्यताप्राप्त अन्तर्राष्ट्रिय खेल प्रतियोगितामा प्रतिस्पर्धा गरी पदक प्राप्त खेलाडीमध्येबाट मन्त्रालयद्वारा मनोनीत एक जना -सदस्य

(ड) महाशाखा प्रमुख, मन्त्रालयको खेलकुद विषय हेर्ने महाशाखा -सदस्य

(ढ) अध्यक्षको सिफारिसमा प्रदेश सरकारले नियुक्त गरेको व्यक्ति -सदस्य सचिव

(३) परिषद्ले बैठकमा नेपाली सेना र सशस्त्र प्रहरी बल तथा सरोकारवालाहरुलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (२) को खण्ड (ज), (झ), (ञ), (ट) र (ठ) बमोजिमका सदस्य मनोनयन गर्दा प्रदेशको भौगोलिकता तथा सकभर सबै जिल्लाको प्रतिनिधित्व र समावेशिता प्रतिनिधित्व हुने गरी मनोनीत गर्नु पर्नेछ ।

(५) परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(६) परिषद्को सबै काम कारबाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(७) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ ।

तर, अचल सम्पत्ति बेचविखन गर्दा प्रदेश सरकारको सहमति लिई नेपाल सरकारबाट स्वीकृति लिनुपर्नेछ ।

(८) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्ने र परिषद् उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(९) मुख्यमन्त्री परिषद्को संरक्षक रुपमा रहनेछ ।

(१०) परिषद्‌को मुख्य कार्यालय प्रदेश राजधानीमा रहनेछ ।

४. <u>पदावधिः</u> (१) दफा ३ को उपदफा (२) अनुसार मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ र बढीमा एक वर्ष थप गर्न सक्नेछ ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको कुनै सदस्यको पद रिक्त भएमा सोही बमोजिम पदपूर्ति गरिनेछ ।

(३) दफा ३ को उपदफा (२) को खण्ड (ज), (झ), (ञ), (ट) र (ठ) बमोजिम मनोनीत वा नियुक्त सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा मन्त्रालयले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु पर्दा सम्बन्धित सदस्यलाई सफाईको मनासिब मौकाबाट बञ्चित गरिने छैन ।

५. <u>परिषद्‌को बैठक र निर्णयः</u> (१) अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकी परिषद्‌को बैठक बोलाउनु पर्नेछ ।

(२) परिषद्‌को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा परिषद्‌को वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) परिषद्‌को कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) परिषद्‌को बैठक वर्षको कम्तीमा तीन पटक बस्नेछ ।

(५) परिषद्‌को एक तिहाई सदस्यले कारण र औचित्य सहित बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ ।

(६) परिषद्‌को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(७) परिषद्‌को अध्यक्ष र सदस्य-सचिवले बैठकको निर्णय प्रमाणित गर्नेछ।

(८) परिषद्‌को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **परिषद्‌को काम, कर्तव्य र अधिकारः** दफा ३ बमोजिम गठन भएको परिषद्‌को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रदेश सरकारलाई खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने,

(ख) स्थानीय, जिल्ला, प्रदेश, अन्तरप्रदेश, राष्ट्रिय प्रतियोगिता तथा नेपाल सरकारको समन्वय एवं सहकार्यमा अन्तर्राष्ट्रिय स्तरको प्रतियोगिता आयोजना गर्ने,

(ग) राष्ट्रियस्तरको प्रतियोगिता संचालन गर्दा राष्ट्रिय खेलकुद परिषद्संग समन्वय गर्ने,

(घ) खेलकुद सम्बन्धी संघ-संस्थालाई आर्थिक वा अन्य सहयोग प्रदान गर्ने वा त्यस्तो सहयोगको लागि मन्त्रालयलाई सिफारिस गर्ने,

(ङ) खेलकुद विकास, प्रवर्द्धन, अनुसन्धान, अध्ययन, तालिम लगायतका कार्य गर्ने, गराउने,

(च) रङ्गशाला, खेलकुद मैदान तथा अन्य खेलकुद संरचनाको निर्माण, सञ्चालन, संरक्षण तथा रेखदेख गर्ने, गराउने,

(छ) प्रतिष्ठान तथा शिक्षण संस्थाबाट खेलकुद प्रशिक्षण लगायतका कार्य गर्ने, गराउने,

(ज) जिल्लागत तथा पालिकागत खेलकुद विकास व्यवस्थापन समितिहरु र खेलका विधागत प्रदेश समितिहरु गठन गर्ने तथा ती समितिलाई आवश्यक समन्वय र निर्देशन दिने,

(झ) खेलकुद सम्बन्धी संघ संस्थाको अनुगमन नियमन गर्ने,

(ञ) स्वदेशी तथा विदेशी प्रशिक्षकबाट प्रशिक्षणको व्यवस्था गर्ने

तर विदेशी प्रशिक्षकको व्यवस्थापन गर्दा परिषद्ले प्रचलित कानून बमोजिमको प्रकृया पूरा गर्नु पर्नेछ ।

(ट) खेलाडीलाई आर्थिक सहायता तथा खेलवृत्ति प्रदान गर्नको लागि प्रदेश सरकार समक्ष सिफारिश गर्ने,

(ठ) खेलाडी तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिष्ठित पूर्वखेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ड) अपाङ्ता भएका व्यक्ति तथा यौनिक तथा लैंगिक अल्पसंख्यकको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था गर्ने, गराउने,

(ढ) खेलकुद संग्रहालय स्थापना गर्ने,

(ण) खेलकुद विकासको लागि गोष्ठी, सेमिनार आयोजना गर्ने,

(त) खेलकुद पर्यटनको विकास गर्ने,

(थ) परम्परागत खेलकुदको संरक्षण र प्रवर्द्धन गर्ने,

(द) प्रदेशको खेलकुद विकासका लागि प्राथमिकीकरण गर्ने,

(ध) खेलाडीको अभिलेख राख्ने,

(न) आवश्यकता अनुसार समिति गठन गर्ने,

(प) अध्यक्षले परिषद्को वार्षिक प्रतिवेदन मुख्यमन्त्री समक्ष पेश गर्ने,

(फ) प्रशिक्षक वा रेफ्रिलाई तालिमको व्यवस्था गर्ने,

(ब) खेलकुदमा महिलालाई प्रोत्साहन गर्नको लागि विशेष कार्यक्रमहरु संचालन गर्ने,

(भ) राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा उत्कृष्ट प्रदर्शन गरेका खेलाडीहरुलाई पुरस्कृत र सम्मान गर्ने,

(म) व्यवसायिक खेलक्षेत्रमा लगानी प्रवर्द्धन गराउने,

(य) राष्ट्रिय खेलकुद परिषद्को जिल्लाका संरचना तथा अन्य सम्पत्ती परिषद्ले राष्ट्रिय खेलकुद परिषद्को सहमतिमा प्रयोग गर्ने वा आफ्नो मातहतमा राख्ने,

(र) मधेश प्रदेशका शैक्षिक संस्थानमा अध्ययनरत विधार्थीहरूको खेलकुदमा सहभागिता सुनिश्चित गर्न विधार्थी केन्द्रित खेलकुद प्रतियोगिताको संचालन व्यवस्थापन गर्ने गराउने

(ल) मधेश प्रदेशका महिलाहरूको खेलकुदमा सहभागिता सुनिश्चित गर्न महिला खेलकुद प्रतियोगिताको संचालन व्यवस्थापन गर्ने गराउने,

(व) खेलकुदको विकासको लागि मन्त्रालयलाई आवश्यक सल्लाह सुझाव दिने, मन्त्रालयबाट प्राप्त निर्देशनको पालना गर्ने तथा अन्य आवश्यक व्यवस्था गर्ने, गराउने ।

७. <u>परिषद्को संगठन संरचना र कर्मचारी सम्बन्धी व्यवस्थाः</u> (१) परिषद्मा प्रदेश सरकारबाट स्वीकृत संगठन संरचना र दरबन्दी बमोजिमको कर्मचारी रहनेछन्।

(२) कर्मचारीको नियुक्ती, पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) परिषद्ले आवश्यकता अनुसार राष्ट्रिय खेलकुद परिषदको कर्मचारीलाई काजमा ल्याई कामकाजमा लगाउन सक्नेछ।

(४) उपदफा (१) बमोजिमको कर्मचारी नियुक्ति नभएसम्मका लागि परिषद्को अनुरोधमा मन्त्रालयले मन्त्रालयको कुनै कर्मचारीलाई परिषद्मा कामकाज गर्ने गरी खटाउन सक्नेछ । त्यसरी कर्मचारी खटाइएको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत दिनु पर्नेछ ।

८. **सदस्यको योग्यताः** देहायको कुनै व्यक्ति परिषद्को सदस्यमा मनोनीत हुन वा बहाल रहन सक्नेछः-

(क) प्रदेशभित्र स्थायी बसोबास गर्ने नेपाली नागरिक,

(ख) प्रदेशभित्र मताधिकार भएको व्यक्ति,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको र

(घ) पच्चीस वर्ष उमेर पूरा भएको।

९. **पद रिक्त हुने अवस्थाः** देहायको अवस्थामा परिषद्को मनोनीत सदस्यको सदस्यता समाप्त भएको मानिनेछः

(क) दफा ८ बमोजिम सदस्यमा बहाल रहन अयोग्य ठहरिएमा,

(ख) निजले मन्त्रालय समक्ष राजिनामा दिएमा,

(ग) निजको मृत्यु भएमा,

(घ) सूचना नदिई लगातार पाँच पटकभन्दा बढी परिषद्को बैठकमा अनुपस्थित भएमा,

(ङ) दफा ४ को उपदफा (३) बमोजिम मन्त्रालयले हटाएमा ।

१०. <u>सदस्य-सचिवको नियुक्ति, योग्यता, पारिश्रमिक, सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्थाः</u> (१) देहाय बमोजिमको योग्यता पुगेको व्यक्तिलाई अध्यक्षको सिफारिसमा प्रदेश सरकारले परिषद्को सदस्य-सचिव पदमा नियुक्त गर्नेछः

(क) प्रदेशभित्र स्थायी बसोबास गर्ने नेपाली नागरिक,

(ख) प्रदेशभित्र मताधिकार भएको व्यक्ति,

(ग) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक वा सो सरह उपाधि हासिल गरेको,

(घ) राष्ट्रियस्तरको खेलाडी, रेफ्री, प्रशिक्षक, व्यवस्थापक वा खेलकुदको क्षेत्रमा विशेषज्ञता हासिल गरेको,

(ङ) तीस वर्ष उमेर पूरा भई साठ्ठी वर्ष ननाघेको,

(च) कुनै कानूनले अयोग्य नठहरिएको,

(छ) कम्तीमा दश वर्ष खेल तथा खेल व्यवस्थापन सम्बन्धी अनुभव भएको।

(२) सदस्य-सचिवले परिषद्मा पूर्णकालीन कामकाज गर्नु पर्नेछ ।

(३) परिषद्का अध्यक्षले सदस्य-सचिवले गर्नुपर्ने कामको लक्ष्य तथा हासिल गर्नुपर्ने उपलब्धी समेत तोकी कार्य सम्पादन सम्झौता गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको कार्य सम्पादन सम्झौतामा तोकिए अनुसार कार्य सम्पादन र उपलब्धी हासिल हुन नसकेमा अध्यक्षले निजलाई हटाउन प्रदेश सरकार समक्ष सिफारिश गर्न सक्नेछ ।

(५) सदस्य-सचिवको पारिश्रमिक प्रदेशमा दशौं तहको कर्मचारीको शुरु तलब स्केल बराबर हुनेछ तथा सेवा शर्त र सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) सदस्य-सचिवले कार्यभार सम्हाल्नु अगाडि मुख्यमन्त्री समक्ष पद तथा गोपनियताको सपथ ग्रहण गर्नु पर्नेछ ।

११. <u>**सदस्य-सचिवको काम, कर्तव्य र अधिकारः**</u> परिषद्को सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने, गराउने,

(ख) परिषद्को खेलकुद सम्बन्धमा नीति तर्जुमा गर्ने कार्यमा सहयोग गर्ने,

(ग) परिषद्को बैठकको निर्णय प्रमाणीकरण एवं कार्यान्वयन गर्ने, गराउने,

(घ) परिषद्बाट स्वीकृत खेलकुद सम्बन्धी नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ङ) वार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरी परिषद् समक्ष पेश गर्ने,

(च) वार्षिक प्रतिवेदन तयार गरी परिषद् समक्ष पेश गर्ने,

(छ) मन्त्रालयको निर्देशन पालना गर्ने,

(ज) खेलकुद सम्बन्धी जानकारी तथा प्रतिवेदन मन्त्रालयमा चौमासिक रुपमा पेश गर्ने,

(झ) परिषद्ले तोकेको अन्य कार्य गर्ने, गराउने ।

१२. सदस्य-सचिवको पद रिक्त हुने अवस्थाः देहायको अवस्थामा परिषद्को सदस्य-सचिवको पद रिक्त भएको मानिनेछः

(क) प्रदेश सरकार समक्ष दिएको लिखित राजीनामा स्वीकृत भएमा,

(ख) दफा १० को उपदफा (४) बमोजिमको सिफारिश प्रदेश सरकारले स्वीकृत गरेमा,

(ग) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरेमा,

(घ) निजको मृत्यु भएमा ।

१३. **कार्य समितिः** (१) परिषद्को अध्यक्षको परामर्शमा परिषद्को कामकारबाहीमा सहयोग गर्न देहाय बमोजिमको एक कार्य समिति रहनेछः

(क) परिषद्को सदस्य-सचिव -संयोजक

(ख) परिषद्को सदस्यहरूमध्येबाट अध्यक्षले मनोनीत गरेको कम्तिमा एक जना महिला सहित दुई जना -सदस्य

(ग) मन्त्रालयको खेलकुद महाशाखा प्रमुख वा शाखा प्रमुख -सदस्य

(घ) परिषद्को कार्यालयको प्रशासन प्रमुख -सचिव

(२) उपदफा (१) बमोजिमको समिति परिषद्प्रति उत्तरदायी हुनेछ ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्यको पदावधि परिषद्मा कायम रहेसम्मका लागि हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्य सूचना नदिई समितिको तीन वटा बैठकमा लगातार अनुपस्थित भएमा वा कार्य समितिको काममा समय दिन वा प्रभावकारी भूमिका निर्वाह गर्न नसकेमा अध्यक्षले जुनसुकै बखत निज सदस्यलाई हटाई परिषद्को अन्य सदस्यहरूमध्येबाट उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्यमा मानोनय गर्न सक्नेछ ।

तर पदबाट हटाउनु अघि त्यस्तो सदस्यलाई सफाईको उचित मौका दिनुपर्नेछ ।

(५) उपदफा (१) बमोजिम समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(६) उपदफा (१) बमोजिमको समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थिति भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(७) उपदफा (१) बमोजिमको समितिको बैठकको निर्णय गर्ने सम्बन्धमा व्यवस्था तोकिए बमोजिम हुनेछ र बैठक सम्बन्धी अन्य कार्यविधि कार्यसमितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

१४. <u>खेलकुद विकास समितिः</u> (१) खेलकुदको विकास, विस्तार र प्रवर्द्धनका लागि परिषद्को मातहतमा मधेश प्रदेशको प्रत्येक जिल्लामा जिल्ला खेलकुद विकास समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछः

(क) खेलकुदको क्षेत्रमा उल्लेखनीय योगदान गरेका सम्बन्धित जिल्लाका व्यक्ति मध्येबाट परिषद्द्वारा मनोनीत एक जना -अध्यक्ष

(ख) समितिमा आवद्ध भएका संघ संस्थाको प्रतिनिधित्व हुने गरी कम्तिमा दुई जना

महिला सहित परिषद्द्वारा मनोनीत पाँच जना (सम्बन्धित जिल्ला) -सदस्य

(ग) सम्बन्धित जिल्ला प्रहरी कार्यालयको अधिकृत स्तरको प्रतिनिधि -सदस्य

(घ) जिल्ला प्रशासन कार्यालयले तोकेको अधिकृत स्तरको कर्मचारी -सदस्य

(ङ) जिल्ला स्तरमा खेलकुदको क्षेत्रमा प्रशिक्षण वा व्यवस्थापन गर्ने एक जना महिला सहित दुई जना -सदस्य

(च) समितिको प्रशासकीय एवम व्यवस्थापन समेतको कार्य गर्न परिषद्बाट तोकिएको प्रशासकीय अधिकृत

- सदस्य-सचिव

(३) स्थानीय कानून अनुसार स्थानीय तहमा स्थानीय खेलकुद विकास समिति रहनेछ।

(४) उपदफा (१) बमोजिमको जिल्ला खेलकुद विकास समितिले स्थानीय खेलकुद विकास समितिसँग आवश्यक समन्वय र सहकार्य गर्नेछ।

(५) जिल्ला खेलकुद विकास समितिले स्थानीय र जिल्ला तहमा भइरहेको खेलकुद सम्बन्धी प्रतिवेदन चौमासिक रुपमा परिषद्मा पेश गर्नु पर्नेछ।

१५. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिका लागि परिषद्मा पेश गर्ने,

(ख) परिषद्ले स्वीकृत गरेको योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,

(ग) जिल्लास्तरको खेलकुद प्रतियोगिता आयोजना गर्ने,

(घ) स्थानीय तहमा खेलकुदको सञ्चालन तथा पूर्वाधार विकासका लागि परिषद्संग समन्वय गरी स्थानीय तहलाई आवश्यक सहयोग गर्ने तथा सुझाव दिने,

(ङ) खेलकुद क्षेत्रको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(च) खेलकुदको सञ्चालन तथा विकासका लागि परिषद्लाई सुझाव दिने,

(छ) खेलकुद पूर्वाधार विकासका लागि परिषद्लाई सिफारिस गर्ने,

(ज) प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहन गर्ने,

(झ) खेलकुद क्षेत्रको विकासका लागि तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

१६. **समितिको बैठकः** (१) अध्यक्षको निर्देशन अनुसार प्रशासकीय अधिकृतले समितिको बैठक बोलाउनेछ ।

तर सामान्यतया बैठक हुनुभन्दा कम्तीमा तीन दिन अघि बैठकको सूचना सदस्यहरुलाई दिनु पर्नेछ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नु पर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक वर्षमा कम्तिमा चार पटक बस्नु पर्नेछ ।

तर समितिका एक तिहाई सदस्यले बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा सात दिनभित्र समितिको बैठक बोलाउनु पर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको अध्यक्ष र प्रशासकीय अधिकृतले समितिको बैठकको निर्णय प्रमाणित गरी निर्णय पुस्तिकामा राख्नु पर्नेछ ।

(७) यस दफामा लेखिएदेखि बाहेक बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१७. समिति सदस्यको पदावधिः** (१) समितिको मनोनीत सदस्यको पदावधि चार वर्ष हुनेछ । सो पदावधि समाप्त भएमा बढमा एक वर्षको लागि थप गर्न सक्नेछ ।

(२) पदावधि समाप्त नहुँदै समितिका कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि पदपूर्ति गर्नु पर्नेछ ।

(३) कुनै सदस्यले पदबाट राजीनामा गरेमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिका कुनै सदस्यले इमान्दारी पूर्वक आफ्नो कर्तव्यपालन गरेको छैन भन्ने लागेमा समितिका एकतिहाई सदस्यले सिफारिस गरेमा बहुमतको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर पदबाट हटाउनु अघि त्यस्तो सदस्यलाई सफाईको उचित मौका दिनुपर्नेछ ।

**१८. समिति सदस्यको अयोग्यताः** देहायको अवस्था भएमा कुनै व्यक्ति समितिको सदस्यमा मनोनीत हुन वा बहाल रहन सक्ने छैनः

(क) गैर नेपाली नागरिक भएमा,

(ख) भ्रष्टाचार वा नैतिक पतन देखिने फौजदारी मुद्दाको आरोपमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको भएमा,

(ग) मनोनयन हुने वा बहाल रहेको समयमा मानसिक सन्तुलन गुमेको प्रमाणित भएमा,

(घ) पदेन सदस्य बाहेक अन्य सदस्य एक्काइस वर्ष पूरा नभएमा ।

१९. **समितिको सदस्यता समाप्तिः** देहायको अवस्थामा समितिको सदस्यता समाप्त भएको मानिनेछः

(क) दफा १८ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) निजले दिएको राजीनामा स्वीकृत भएमा,

(ग) निजको मृत्यु भएमा,

(घ) सूचना नदिई लगातार तीन पटकभन्दा बढी समितिको नियमित बैठकमा अनुपस्थित भएमा ।

२०. **समितिको अध्यक्षको काम, कर्तव्य र अधिकारः** जिल्ला खेलकुद विकास समितिका अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) परिषद्को निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ख) जिल्ला तथा अन्तरस्थानीय तहमा खेलकुद प्रतियोगिता आयोजना तथा सहभागिताका लागि समन्वय लगायत अन्य आवश्यक कार्य गर्ने गराउने,

(ग) तोकिए बमोजिमको अन्य कार्यहरू गर्ने गराउने ।

**२१. प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारः** (१) प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) अध्यक्षबाट समितिमा पेश हुने प्रस्तावहरू तयार गर्ने, गराउने,

(ख) समितिबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

(ग) समितिको अनुमानित वार्षिक आय व्यय (बजेट) र कार्यक्रम तयार गरी समिति समक्ष पेश गर्ने,

(घ) समितिको कोष परिचालन, सम्पत्तिको व्यवस्थापन, संरक्षण र सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने,

(ङ) समितिका कर्मचारीहरुको प्रशासनिक प्रमुख भई नियमानुसार कार्य गर्ने,

(च) समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने।

(२) यस दफा बमोजिम प्रशासकीय अधिकृतले आफ्नो अधिकार र कर्तव्यको प्रयोग गर्दा समितिका अध्यक्षको सामान्य निर्देशनमा रही गर्नु पर्नेछ ।

२२. **<u>खेलकुद सम्बन्धी संस्थाको दर्ता र नविकरणः</u>** (१) खेलकुद सम्बन्धी क्रियाकलाप आयोजना गर्ने जिल्ला र प्रदेश खेल संघको दर्ता परिषद्मा हुनेछ ।

(२) यस अघि अन्य निकायमा दर्ता भई अद्यावधिक रहेका खेलकुद सम्बन्धी संघ संस्था यो ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

(३) उपदफा (२) बमोजिमको दर्ता भएको खेलकुद सम्बन्धी संघ संस्थाले एकवर्षभित्र सम्पूर्ण विवरण परिषद्मा पेश गर्नु पर्नेछ।

(४) खेलकुद संघ संस्था दर्ता बापतको शुल्क तोकिए बमोजिम हुनेछ ।

(५) खेलकुद संघ संस्थाको नविकरण प्रत्येक आर्थिक वर्षभित्र तोकिएको शुल्क बुझाई सक्नु पर्नेछ ।

तर तोकिएको समयमा नविरकरण नगरेमा तोकिए बमोजिमको जरिवाना तिरी नविकरण गर्न सकिनेछ ।

२३. **<u>दर्ताको लागि निवेदन दिनुपर्नेः</u>** दफा २२ बमोजिम नाम दर्ता गराउन चाहने खेलकुद सम्बन्धी संघ संस्थाले देहायका कुरा खुलाई परिषद्मा नाम दर्ताको लागि निवेदन दिनु पर्नेछः

(क) संघ संस्थाको नाम र ठेगाना,

(ख) सञ्चालन गरिने खेलकुद,

(ग) कार्यकारिणी समितिका सदस्यको नाम, ठेगाना तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहितको विवरण,

(घ) विधानको प्रमाणित प्रतिलिपि ।

२४. <u>नाम दर्ता गर्न सक्नेः</u> (१) दफा २३ बमोजिम नाम दर्ता गराउनका लागि निवेदन परेमा परिषद्ले एक्काइस दिनभित्र आवश्यक जाँचबुझ गरी त्यस्तो संघ संस्थाको नाम दर्ता गर्न सक्नेछ ।

(२) परिषद्ले उपदफा (१) बमोजिम नाम दर्ता गरिएको सूचना र नाम दर्ता गर्न नसकिने भएमा सोको सूचना सम्बन्धित खेलकुद संघ संस्थालाई दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नाम दर्ता भएको खेलकुद संघ संस्थालाई परिषद्ले तोकिएको ढाँचामा दर्ताको प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

२५. <u>विधान संशोधनको सूचनाः</u> (१) यो ऐन बमोजिम परिषद्मा नाम दर्ता भएको खेलकुद सम्बन्धी संघ संस्थाले दफा २३ बमोजिम नाम दर्ताको लागि दिएको निवेदनमा उल्लेख भएको व्यहोरा वा निवेदन साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेको कारण सहितको सूचना एक्काइस दिनभित्र परिषद्लाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि हेरफेर गर्नु पर्ने कारण उचित

देखेमा परिषद्ले हेरफेरको व्यहोरा अद्यावधिक गर्नु पर्नेछ ।

२६. **हिसाबको श्रेस्ता राख्नु पर्ने:** (१) खेलकुद सम्बन्धी संघ संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता तोकिएको ढाँचामा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धी संघ संस्थाले राखेको श्रेस्ताको जाँचबुझ परिषद्ले जहिले सुकै गर्न गराउन सक्नेछ ।

(३) परिषद्ले उपदफा (२) बमोजिम खेलकुद सम्बन्धी संघ संस्थाको श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न प्रचलित कानून बमोजिम कारबाही अगाडी बढाउनु पर्नेछ।

२७. **निर्देशन दिने:** (१) परिषद्ले खेलकुद सम्बन्धी संघ संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धी संघ संस्थाको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम परिषद्ले दिएको निर्देशनको पालना नगर्ने खेलकुद सम्बन्धी संघ संस्था वा दफा २६ बमोजिम परिषद्ले तोकिदिएको ढाँचामा

आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्बन्धी संघ संस्थाको नाम परिषद्ले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम परिषद्ले आफ्नो लगतबाट कुनै खेलकुद सम्बन्धी संघ संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद संघ संस्थालाई दिनु पर्नेछ ।

२८. <u>स्वीकृति लिनु पर्ने:</u> खेलकुद सम्बन्धी संघ संस्थाले अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता वा अन्तर्राष्ट्रय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा प्रदेशमा हुने खेलकुद प्रतियोगिता, अन्तर्राष्ट्रियस्तरको सभा वा सम्मेलनमा अन्य देशको खेलाडी वा अधिकारीलाई आमन्त्रण गर्न नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

२९. <u>परिषद्को कोषः</u> (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायको रकम रहनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) खेलकुद पूर्वाधार उपयोग गर्न दिए बापतको शुल्क,

(ग) खेलकुद सम्बन्धी प्रशिक्षण प्रदान गरे बापतको शुल्क,

(घ) खेलकुद प्रदर्शन गरी आर्जन भएको रकम,

(ङ) कुनै व्यक्ति वा संघ संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम,

(च) प्रचलित कानून बमोजिम अन्तरर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

(छ) संघ संस्था दर्ता तथा नविरकरण बापत प्राप्त शुल्क,

(ज) परिषद् र समितिको चल अचल सम्पति प्रयोगबाट प्राप्त आय,

(झ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) परिषद्को नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

(३) परिषद्को कोषमा रहने रकम "क" वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नेछ ।

(४) परिषद्को खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

३०. <u>खेल प्रतियोगिता सञ्चालन खर्च तथा पुरस्कारः</u> परिषद्ले वा परिषद्को समन्वयमा सञ्चालन हुने खेल प्रतियोगिताको सञ्चालन खर्च, विभिन्नस्तरको खेलमा प्रतियोगी हुने मधेश प्रदेशको खेलाडीलाई प्रोत्साहन भत्ता तथा पुरस्कार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३१. <u>सम्झौता गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेः</u> परिषद्ले आफ्नो कार्य सञ्चालनको सिलसिलामा विदेशी

सरकार वा अन्तर्राष्ट्रिय साझेदार वा विदेशी संघ संस्था वा विदेशी व्यक्तिसँग सम्झौता गर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

३२. <u>लेखा र लेखापरीक्षणः</u> (१) परिषद्को आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) परिषद्को आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयले गर्नेछ ।

(३) परिषद्को अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(४) मन्त्रालयले परिषद्को आय व्ययको लेखा, तत्सम्बन्धी कागजात, नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न लगाउन सक्नेछ ।

३३. <u>सदस्यको भत्ताः</u> (१) परिषद्, समिति र कार्य समितिको सदस्यले बैठकमा भाग लिए बापत प्रचलित कानून बमोजिम बैठक भत्ता पाउनेछ ।

(२) परिषद्, समिति र कार्य समितिको सदस्यले कार्यालयको काम विशेषले भ्रमण गर्नु परेमा नियमानुसार दैनिक भ्रमण भत्ता पाउनेछ ।

३४. <u>अधिकार प्रत्यायोजनः</u> परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार अध्यक्ष, सदस्य-सचिव, सदस्य, दफा १४ को उपदफा (१) बमोजिमको समिति वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३५. <u>प्रदेश सरकारले निर्देशन दिन सक्ने:</u> (१) प्रदेश सरकारले खेलकुदको विकास गर्नको लागि परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले दिएको निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

३६. <u>व्यावसायिक सुरक्षा:</u> (१) तोकिए बमोजिमको वर्गीकरणको आधारमा खेलाडीको पारिश्रमिक, भत्ता वा अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

(२) प्रदेश सरकारको तर्फबाट खेल्ने खेलाडी खेलाडीको बीमा परिषद्ले गर्न सक्नेछ।

३७. <u>सजाय र कारबाही:</u> (१) परिषद्ले देहाय बमोजिमको कसूरमा देहाय बमोजिम सजाय गर्नेछः-

(क) परिषद्ले तोकिए बमोजिमको निर्देशन पालना नगर्ने खेलकुद विकास समिति वा खेलकुद सम्बन्धी संघ संस्थालाई पहिलो पटक चेतावनी सहित पच्चीस हजार रुपैयाँ जरिवाना र सोही कसूर दोहोऱ्याएमा समिति वा संघ संस्था खारेजी,

(ख) कुनै खेलाडी वा खेलाडीको समूह वा प्रशिक्षक वा व्यवस्थापक वा रेफ्रीले खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणामलाई प्रतिकूल हुने गरी

मिलोमतोमा वा प्रलोभनमा परी खेल खेले वा खेलाएमाः

(१) प्रदेशस्तरको खेलकुद प्रतियोगिताको हकमा पच्चीस हजार रुपैयाँ जरिवाना र एक वर्षसम्म सोही स्तरको खेलबाट प्रतिबन्ध,

(२) राष्ट्रियस्तरको खेलकुद प्रतियोगिताको हकमा पचास हजार रुपैयाँ जरिवाना र दुई वर्षसम्म सोही स्तरको खेलबाट प्रतिबन्ध,

(३) अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगिताको हकमा एक लाख रुपैयाँ जरिवाना र तीन वर्षसम्म सोही स्तरको खेलबाट प्रतिबन्ध ।

३८. **प्रशिक्षण प्रतिष्ठान सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयले खेलकुदको विकासका लागि मधेश खेलकुद प्रशिक्षण प्रतिष्ठान लगायतका खेलकुद प्रवर्द्धन सम्बन्धी संरचना स्थापना गर्न सक्नेछ ।

(२) मधेश खेलकुद प्रशिक्षण प्रतिष्ठान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३९. **<u>नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः</u>** यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यकता अनुसार नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

४०. **<u>प्रदेश सरकारसँग सम्पर्कः</u>** परिषद्ले प्रदेश सरकारसँग सम्पर्क राख्दा खेलकुद सम्बन्धी बिषय हेर्ने मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

४१. **<u>राष्ट्रिय खेलकुद परिषद्सँग समन्वयः</u>** (१) परिषद्ले राष्ट्रिय खेलकुद परिषद्सँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समन्वय तथा सहकार्य गर्दा मन्त्रालयसँग पूर्व सहमति लिनुपर्नेछ।

४२. **<u>नागरिकको कर्तव्यः</u>** खेल खेल्नु र खेलाउनु सबै नागरिकको कर्तव्य हुनेछ ।

४३. **<u>यस ऐन बमोजिम हुनेः</u>** यस ऐनमा लेखिए जति यस ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

४४. <u>खारेजी र बचाउः</u> (१) "प्रदेश स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन कार्यविधि,२०८०" खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको कार्यविधि बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।